# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: नेपालको नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास तथा विस्तार गर्न, प्रभावकारी नियमन गरी नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय, भरपर्दो र सर्वसुलभ बनाउन नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकान्नब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उडान अनुमति" भन्नाले नियमित(सेडयुल्ड), नन् सेड्युल्ड, चार्टर, निजि, आकस्मिक, कूटनीतिक समेतका उडानका निमित्त प्रदान गरिएको अनुमति सम्झनुपर्छ।

(ग) "उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेस)" भन्नाले कुनै वायुयान उडान गर्ने प्रयोजनको लागि तोकिएबमोजिमका मापदण्ड पूरा गरेको आधारमा प्राधिकरणबाट जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(घ) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालनसँग सम्बद्ध जोखिम न्यूनीकरण र नियन्त्रण सम्बन्धी स्वीकार्य स्तरको उडान सुरक्षा सम्झनु पर्छ।

(ङ) "एयर नेभिगेशन सेवा" भन्नाले वायुयान उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने एयर ट्राफिक मेनेजमेन्ट, हवाई सञ्चार, पथ प्रदर्शन तथा निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्दार सेवा, एरोनटिकल म्याप्स एण्ड चार्ट्स, प्रोसिजर फर एयर नेभिगेशन-एयरक्राफ्ट अपरेशन र उड्डयन सूचना सेवा सम्झनु पर्छ।

(च) "टाइप प्रमाणपत्र" भन्नाले वायुयान, इन्जिन वा प्रोपेलरको प्रारुप परिभाषित गर्न अधिकार प्राप्त मुलुकले उडान योग्यता सम्बन्धी मापदण्ड (एयरवर्दिनेश रिक्वायरमेण्ट) पूरा गरेको भनी जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम नियामक निकायको रुपमा स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको नागरिक उड्डयन हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "महानिर्देशक" भन्नाले दफा ३६ बमोजिम नियुक्त प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ।

(ट) "वायुयान" भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थिर वा चलायमान हुन सक्ने जुनसुकै यन्त्र वा उपकरण जोडिएको यान सम्झनुपर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको



मुकुन्द प्रसाद निरौला
सचिव

हट एयर बेलुन, मानव रहित उडान प्रणाली, ग्लाईडर, ह्याङ्गग्लाईडर, माइक्रोलाइट वा उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ।

(ठ) "वायुसेवा" भन्नाले हवाई यातायात सञ्चालन गर्ने कुनै कम्पनी वा संस्थाले यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने व्यावसायिक सेवा सम्झनु पर्छ।

(ड) "वायुसेवा सञ्चालन प्रमाणपत्र" भन्नाले व्यावसायिक रुपमा वायुसेवा सञ्चालन गर्नको लागि प्राधिकरणबाट वायुसेवा सञ्चालकको नाममा जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ढ) "विमानस्थल" भन्नाले वायुयानको आगमन, प्रस्थान तथा सतहमा गुड्न वा धावनको लागि पूर्ण वा आंशिक रुपमा प्रयोग हुने भू-सतह वा जलक्षेत्र र त्यस्तो भू-सतहमा जडिएको कुनै भवन, संरचना वा उपकरणले ओगटेको स्थल समेत सम्झनु पर्छ।

(ण) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा वायुयान उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा सो सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने कामको लागि यन्त्र, सञ्चार वा उड्डयन सहाय (नेभिगेशन एड्) उपकरणहरु जडान भएका वा नभएका सबै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा वा घाट सम्झनु पर्छ।

(त) "संगठन" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आ.सि.ए.ओ.) सम्झनु पर्छ।

(थ) "सदस्य" भन्नाले दफा ६ बमोजिमको समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(द) "सदस्य राष्ट्र" भन्नाले संगठनको सदस्यता प्राप्त गरेको राष्ट्र सम्झनु पर्छ।

(ध) "समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(न) "सेवा प्रदायक संस्था" भन्नाले एयर नेभिगेशन सेवा, हवाई उड्डयन मौसमी सेवा, खोज तथा उद्दार सेवा, विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन सम्बन्धी सेवा, वायुसेवा सञ्चालन, वायुयान तथा वायुयानका पार्टपूर्जा निर्माण तथा मर्मत सम्भार सेवा, नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सेवा, भूमिस्थ प्रवन्ध सेवा तथा नागरिक उड्डयन सम्बन्धी सेवा प्रदान गर्ने संस्थालाई समेत सम्झनु पर्छ।

(प) "हवाई मार्ग" भन्नाले वायुयान संचालन गर्नका लागि निर्दिष्ट गरिएको मार्ग सम्झनु पर्छ।

(फ) "हवाई सुरक्षा" भन्नाले नागरिक उड्डयनलाई गैरकानूनी हस्तक्षेपबाट रोक्नका लागि गरिने कार्य सम्झनु पर्छ।

(ब) "हेलिप्याड" भन्नाले हेलिकप्टरको उडान तथा अवतरण गर्न निर्धारण गरिएको स्थानलाई सम्झनु पर्छ ।

(भ) "हेलिपोर्ट" भन्नाले हेलिप्याड सहितको संरचना जसमा इन्धन, पार्किङ्ग, मर्मत सम्भार जस्ता समेत व्यवस्था रहेको स्थानलाई सम्झनु पर्छ ।

(म) "इजाजतपत्र/प्रमाणपत्र/स्वीकृति पत्र" भन्नाले नागरिक उड्डयन क्षेत्रको लागि तोकिए बमोजिमको शर्त तथा मापदण्ड पूरा गरी निश्चित कार्य सम्पादनकालागि नियामकीय निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई प्रदान गरिएको पत्रलाई सम्झनु पर्छ ।

(य) "निरीक्षण" भन्नाले तोकिएको मापदण्ड वा शर्त पूरा भए नभएको जाँचपड्ताल गर्ने कार्यलाई सम्झनु पर्छ।

मुकुन्द प्रसाद निरौला
सचिव

(र) "निरीक्षक" भन्नाले नागरिक उड्डयन सम्बन्धी कानून तथा संगठनले तोकेको मापदण्डको परिपालना गराउनका लागि निरिक्षण, परिक्षण, मुल्याँकन गरी निर्देशन दिन सक्ने प्राविधिक दक्षता भएको अख्तियारप्राप्त व्यक्ति सम्झनुपर्छ।

(ल) "खतराजन्य वस्तु" भन्नाले उडानका क्रममा मानिसको स्वास्थ्य, सुरक्षा, सम्पत्ति तथा वातावरणमा जोखिम उत्पन्न गराउन सक्ने कुनै वस्तु वा तत्व भन्ने सम्झनुपर्छ।

(व) "विमानस्थल प्रमाणपत्र (एरोड्रम सर्टिफिकेट)" भन्नाले प्राधिकरणले निर्धारण गरेको मापदण्ड पुरा गरे विमानस्थल सञ्चालन गर्न पाउने प्रमाणपत्र सम्झनु पर्छ ।

## परिच्छेद–२

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्राधिकरणको स्थापना: (१) नागरिक उड्डयन सम्बन्धी सेवा प्रदायक संस्थाको नियमनकारी निकायको रुपमा काम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अंग्रेजी भाषामा "सिभिल एभिएशन अथोरिटी अफ नेपाल" र छोटकरीमा "सि.ए.ए.एन." भनिनेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुने: (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. प्राधिकरणको काम, कर्तव्य र अधिकार: प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानुन अनुसार इजाजत प्राप्त कुनै संस्था वा सेवा प्रदायक संस्थालाई देहायको विषयमा प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने र त्यस्तो प्रमाणपत्रको निलम्बन वा खारेज गर्ने,-

(१) वायुसेवा सञ्चालन,

(२) वायुयान उडान योग्यता,

(३) ग्लाइडर, अल्ट्रालाइट, माइक्रोलाइट, बेलुन, प्याराग्लाइडिङ्ग, ह्याङ्गग्लाइडिङ्ग, स्काइडाइभ जस्ता मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालन,

(४) एयर नेभिगेशन सेवा सञ्चालन,

(५) विमानस्थल, हेलिप्याड तथा हेलिपोर्ट सञ्चालन,

(६) नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सञ्चालन,

(७) वायुयान तथा वायुयानको पार्टपूर्जा निर्माण वा मर्मत संभार, वायुयानको विस्तृत मर्मत (ओभरहल),

मुकुन्द प्रसाद निरौला
सचिव

(८) वायुयान, त्यसका उपकरण वा पार्टपूर्जा पैठारी, निकासी, सञ्चय र बिक्री-वितरण,

(९) विदेशी वायुसेवाको नेपालमा व्यावसायिक उडान सञ्चालन,

(१०) नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन ।

(ख) वायुयान दर्ता गरी दर्ता चिन्ह तथा राष्ट्रिय चिन्ह प्रदान गर्ने,

(ग) विमानस्थल, हेलिपोर्ट र हेलिप्याड दर्ता गर्ने तथा सोको सुरक्षा मापदण्ड स्वीकृत गर्ने,

(घ) वायुयानलाई टाइप प्रमाणपत्र जारी गर्ने वा टाइप प्रमाणपत्रको मान्यता प्रदान गर्ने,

(ङ) नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई तोकिए बमोजिम व्यक्तिगत इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने र अन्य मुलुकबाट जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रलाई तोकिए बमोजिम मान्यता प्रदान गर्ने,

(च) एयर नेभिगेशन सेवा तथा सेवा प्रदायक संस्थाले प्रवाह गर्ने सेवा, अग्नि निवारण र जीवन उद्दार सेवाको स्तर तथा मापदण्ड निर्धारण र नियमन गर्ने,

(छ) एयर नेभिगेशन सेवा तथा विमानस्थल सञ्चालनसँग सम्बन्धित सेवा, सुविधामा प्रयोग हुने यन्त्र, उपकरणको जडान, सञ्चालन तथा मर्मत, सम्भार कार्यको स्तर तथा मापदण्ड निर्धारण, नियमित अनुगमन तथा नियमन गर्ने,

(ज) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण विधि प्राधिकरणबाट स्वीकृत शर्त र मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा नियमन गर्ने,

(झ) बेलुन, प्याराग्लाइड, प्यारासुट, स्काइडाइभ लगायतका यन्त्ररहित वायुयान तथा मानवरहित वायुयानको लागि उडानका शर्त निर्धारण र नियमन गर्ने,

(ञ) नागरिक उड्डयनमा प्रयोग गरिने मापन इकाई, नेपालको भू-भाग र हवाई क्षेत्रमा वायुयान सञ्चालनको लागि प्रयोग हुने चिन्ह (सिग्नल) तोक्ने र सोको मापदण्ड निर्धारण गर्ने,

(ट) विमानस्थलमा प्रदान गरिएका सेवा र सुविधाको सुपरीवेक्षण र नियमन गर्ने,

(ठ) नेपालमा दर्ता भएका वायुयान र नेपालको भू-भागमा सञ्चालन हुने वायुयानबाट हुने ध्वनि तथा हानिकारक ग्यास उत्सर्जन सम्बन्धमा आवश्यक मापदण्ड तोकी नियमन गर्ने,

(ड) खतराजन्य वस्तु वायुयानबाट ओसारपसार गर्ने सम्बन्धमा मापदण्ड तोकी नियमन गर्ने,

मुकुन्द प्रसाद निरौला
सचिव

(ढ) हवाई सुरक्षा प्रदान गर्ने संस्था, विमानस्थल सञ्चालक, वायुसेवा सञ्चालक तथा एयर नेभिगेशन र अन्य सेवा प्रदायकको सुरक्षा सुपरीवेक्षण (सेक्युरिटी ओभरसाइट) गर्ने वा गराउने,

(ण) राष्ट्रिय उडान सुरक्षा तथा राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम नेपाल सरकारबाट स्वीकृत गराई लागू गर्ने,

(त) एरोनटिकल सर्वेक्षण गर्ने संस्थालाई अनुमति प्रदान गर्ने र त्यस्तो सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण प्रमाणित गर्ने,

(थ) नागरिक उड्डयनको क्षेत्रमा काम गर्ने जनशक्तिको लागि आवश्यक योग्यता तोक्ने, कार्य समयको शर्त निर्धारण गर्ने र सोको नियमन गर्ने।

(द) नेपाल पक्ष भएको नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्टयाण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र सो बमोजिमका आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने तथा सोको कार्यान्वयन गर्ने वा गराउने र संगठन वा अन्तर्राष्ट्रिय महासन्धिका कुनै विषय शर्त वा मापदण्डमा फरक मत दर्ता समेत गराउने,

(ध) विभिन्न मुलुकका नागरिक उड्डयन नियामक निकायबीच हुने उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी विषयका सूचनाको संकलन, प्रशोधन, तथा सूचना आदानप्रदान गर्ने,

(न) नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय संङ्घसंस्था तथा सदस्य राष्ट्रका नागरिक उड्डयन नियामक निकायसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरी सो सम्बन्धमा मन्त्रालयलाई जानकारी गराउने,

(प) सङ्गठनबाट उडान सुरक्षा र हवाई सुरक्षा प्रवर्द्धनका लागि मापदण्ड निर्माण गर्दा आवश्यकता अनुसार सहभागी हुने र संगठनबाट स्वीकृत नीति, योजना तथा मापदण्ड कार्यान्वयन गर्ने वा गराउने,

(फ) नागरिक उड्डयनसँग सम्बन्धित नीतिगत विषयमा मन्त्रालयलाई आवश्यकता अनुसार सुझाव दिने,

(ब) आवश्यकता अनुसार आन्तरिक हवाई भाडादर तय गरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(भ) हवाई यात्रुको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसँग सम्बन्धित व्यक्ति तथा उपकरणको सुरक्षा व्यवस्थापनको लागि सम्बन्धित सेवा प्रदायक संस्था, सम्बन्धित निकाय वा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

मुकुन्द प्रसाद निरौला
सचिव

(म) प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने,

(य) नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित सूचना तथा तथ्याँकहरुलाई सुरक्षित र व्यवस्थित रुपमा सङ्ग्रह गर्ने,

(र) विमानस्थलमा सेवा प्रदायक संस्थाले प्रदान गर्ने यात्रु सेवा सुविधाको मापदण्ड बनाउने र कार्यान्वयनको अनुगमन गर्ने, र

(ल) नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने।

## परिच्छेद–३

## सञ्चालक समिति

६. सञ्चालक समितिको गठनः (१) प्राधिकरणको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछ :-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी नागरिक उड्डयनको क्षेत्र (वायुयानको उडान, सञ्चालन वा वायुयानको मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोल वा सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार) मा कम्तीमा दश वर्ष अनुभव भएका विज्ञमध्येबाट नेपाल सरकारले मनोनयन गरेको व्यक्ति एकजना -सदस्य

(ङ) महानिर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक पटकको लागि मनोनयन हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नागरिक उड्डयन सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सुझाव दिने,

मुकुन्द प्रसाद निरौला
सचिव

(ख) प्राधिकरणको साङ्गठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ग) प्राधिकरणको वित्तीय स्रोत परिचालन र लगानी नीति तयार गरी स्वीकृतको लागि मन्त्रालयमा पेश गर्ने,

(घ) प्राधिकरणको कर्मचारी प्रशासन, आर्थिक प्रशासन र खरीद सम्बन्धी नियमावली मस्यौदा गरी मन्त्रालयमा पेश गर्ने,

(ङ) प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(च) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(छ) प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ज) प्राधिकरणको तर्फबाट गर्नु पर्ने काम तथा अधिकारको प्रयोग गर्ने,

(झ) प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने, र

(ञ) प्राधिकरणको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन महानिर्देशकलाई आवश्यक निर्देशन दिने।

८. समितिको बैठक र निर्णयः (१) समितिको बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहित बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

तर, विशेष परिस्थितिमा अध्यक्षले आवश्यक ठानेमा छोटो सूचना तथा कार्यसूची जानकारी नगराई बैठक बोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय सदस्य सचिवले बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(८) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकमा भाग लिए बापत सदस्यले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता पाउनेछन्।

मुकुन्द प्रसाद निरौला
सचिव

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>सदस्यको अयोग्यता:</u> देहायको व्यक्ति दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिम सदस्य पदमा मनोनयन हुन वा पदमा बहाल रहन अयोग्य हुनेछः–

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको,

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले समितिमा रही सेवा गर्न असमर्थ भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) ३५ वर्ष पूरा नभएको र ६० वर्ष उमेर नाघेको, वा

(छ) आफू वा आफ्नो एकाघर सगोलको परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै स्वार्थ रहेको।

१०. <u>पद रिक्त हुने अवस्था:</u> देहायको अवस्थामा दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पद रिक्त हुनेछः–

(क) लिखित राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) दफा ९ बमोजिम अयोग्य भएमा,

(घ) बिनासूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा,

(ङ) दफा ६ को उपदफा (३) बमोजिम पदमुक्त गरिएमा, वा

(च) मृत्यु भएमा।

११. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार:</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकमा छलफल गरिने विषय र त्यस्तो विषयको प्राथमिकताक्रम निर्धारण गर्ने,

(ख) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

मुकुन्द प्रसाद निरौला
सचिव

(ग) प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्ने वा गराउने,

(घ) समितिको निर्णय कार्यान्वयन गर्न महानिर्देशकलाई निर्देशन दिने।

(ङ) विशेष परिस्थितिमा समितिको बैठक बोलाउने ।

## परिच्छेद-४
## वायुसेवा सञ्चालन

१२. वायुसेवा सञ्चालन प्रमाणपत्र लिनुपर्ने : (१) कसैले नेपालमा व्यावसायिक रुपमा वायुसेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट वायुसेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राधिकरणबाट तोकिए बमोजिम नविकरण गर्नुपर्नेछ ।

१३. नागरिक उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्ने : (१) कसैले वायुयान निर्माण तथा मर्मत्, सम्भार गर्ने, वायुयान वा सोको पार्टपूर्जा बिक्री गर्ने, उड्डयन सम्बन्धी प्रशिक्षण(एप्रुभ्ड ट्रेनिङ्ग अर्गनाइजेशन) दिने वा अन्य कुनै किसिमको नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन गर्न प्राधिकरणबाट उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनुपर्नेछ।

(२) प्रचलित कानून बमोजिम स्थापित कुनै प्राविधिक शिक्षण संस्थाको प्रत्यक्ष निगरानीमा अनुसन्धान, खोज तथा विकासका लागि वायुयान निर्माण सम्बन्धी कार्य गर्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

१४. प्रमाणपत्र रोक, निलम्बन वा खारेज गर्न सक्ने : (१) दफा १२ वा १३ बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा आंशिक रोक लगाउने तथा प्राधिकरणले त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त पूरा गरेमा त्यस्तो निलम्बन समाप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले उपदफा (२) बमोजिम शर्त पूरा नगरी निलम्बन समाप्त नभएमा निजको प्रमाणपत्र खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम निलम्बन वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

१५. वायुयान उडान तथा अवरतरण गर्दा अनुमति लिनुपर्ने: (१) नेपालको हवाई क्षेत्र, विमानस्थल, हेलिपोर्ट वा हेलिप्याडमा वायुयान उडान तथा अवतरण गर्दा प्राधिकरणको अनुमति लिनु पर्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

(२) प्राधिकरणले वायुयानको उडान तथा अवतरणको प्रकृति अनुसार शर्त, मापदण्ड र प्रकृया तोकि अनुमति दिन सक्नेछ। सोको नियमन गर्ने जिम्मेवारी प्राधिकरणको हुनेछ।

१६. <u>कागजात राख्नुपर्ने:</u> नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा वा लिजमा सञ्चालन गरेका वायुयानले उडान गर्दा देहायका कागजात साथमा राख्नुपर्नेछ:-

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यता प्रमाणपत्र,

(ग) उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र,

(घ) वायुयानको यात्रा अभिलेख पुस्तिका (लग बुक),

(ङ) वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेशन इजाजतपत्र,

(च) यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान र गन्तव्यस्थल खुल्ने कागजात,

(छ) कार्गोवाहक वायुयान भए कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात,

(ज) खतराजन्य वस्तुको ओसारपसार गर्ने भए सो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात, र

(झ) वायुयान तथा उडान सञ्चालन सम्बन्धी कार्यविधि।

१७. <u>वायुयानको उडान तथा हवाई सुरक्षा:</u> (१) उडानरत वायुयानको उडान तथा हवाई सुरक्षाको लागि मुख्य जिम्मेवारी प्रमुख चालकको हुनेछ र निजलाई सो अवधिभर उडान तथा हवाई सुरक्षा सुनिश्चितताको लागि आवश्यक कदम चाल्ने अधिकार हुनेछ।

(२) वायुयान उडान गर्न सबै दृष्टिले सुरक्षित रहेको कुरामा वायुयानको प्रमुख चालक विश्वस्त भएपछि मात्र वायुयानको उडान गर्नु पर्नेछ।

(३) वायुयानभित्र रहेका यात्रुले चालक दलका सदस्यले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गर्न वा गराउन हुँदैन।

(४) नेपालमा दर्ता भएको वा नेपालको हवाई क्षेत्रमा उडान गरिरहेको वायुयानभित्र रहेको कुनै व्यक्तिले वायुयान भित्रको शान्ति व्यवस्था र अनुशासनमा खलल पुग्नसक्ने कार्य गरेको वा गर्न लागेको विश्वास गर्न सकिने आधार तथा कारण भएमा वा उडानमा रहेको समयमा प्रचलित कानून बमोजिम फौजदारी कसूर ठहरिने कुनै कार्य गरेको वा गर्न लागेको भन्ने प्रमुख चालकलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिन वा वायुयानबाट ओराल्ने लगायतका उपयुक्त उपाय अवलम्बन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्य गर्दा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता बमोजिम गर्नु पर्नेछ।



मुकुन्द प्रसाद निरौला
सचिव

१८. <u>वायुयान उडाउन नहुने:</u> कुनै वायुयान, त्यसमा सवार व्यक्ति, अन्य वायुयान वा जमिनमा रहेका व्यक्ति, भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पर्न सक्ने गरी वायुयान उडाउन हुँदैन।

१९. <u>चालकरहित वायुयान सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने:</u> (१) कसैले नेपालको हवाई क्षेत्रमा चालकरहित वायुयानको सञ्चालन वा उडान गर्न वा गराउन चाहेमा प्राधिकरणले तोकेबमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

## परिच्छेद-५

## <u>वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह</u>

२०. <u>दर्ता नभएको वायुयान उडाउन नहुने:</u> नेपाल वा अन्य कुनै मुलुकमा दर्ता नभएको वायुयान नेपालमा उडाउन हुँदैन।

२१. <u>वायुयानको दर्ता</u>ः (१) नेपालमा वायुयान दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको कागजात संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा तोकिए बमोजिमको शर्त पूरा गरेको देखिएमा प्राधिकरणले तोकिए बमोजिम वायुयान दर्ता गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य मुलुकमा दर्ता भएको वायुयानलाई नेपालमा दर्ता गरिने छैन।

तर, अन्य मुलुकबाट दर्ता खारेजी भएको वायुयानलाई यस ऐनको अधीनमा रही नेपालमा दर्ता गर्न सकिनेछ।

(४) नेपालमा सञ्चालन हुने वायुयानमा स्पष्ट देखिने गरी दर्ता नम्बर अङ्कित गरेको हुनु पर्नेछ।

२२. <u>वायुयानको दर्ता खारेज</u>ः प्राधिकरणले नेपालमा दर्ता रहेको वायुयानको देहायको अवस्थामा दर्ता खारेज गर्नेछः-

(क) वायुयान दुर्घटनामा परी वा अन्य प्राविधिक कारणले संचालनमा ल्याउन नसकेमा,

(ख) वायुयान बिक्री भइ नेपाल बाहिर पठाउनु पर्ने भएमा।

२३. <u>राष्ट्रिय चिन्ह अङ्कित भएको वायुयान मात्र उडाउन पाइने</u>ः वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अङ्कित वायुयानमात्र नेपालको हवाई क्षेत्रमा उडान गर्न पाइनेछ।

२४. <u>आपसी समझदारीमा नियमन हुन सक्ने:</u> अन्य मुलुकमा दर्ता भएको वायुयान नेपालमा लिज वा भाडामा ल्याई सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान अन्य मुलुकमा लिज वा भाडामा दिंदा त्यस्तो राष्ट्रको नियमनकारी निकाय तथा प्राधिकरण बीच आपसी समझदारीको आधारमा तय गरिएको शर्त बमोजिम हुनेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

२५. टाइप प्रमाणपत्रः (१) नेपालमा दर्ता नभएको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयान धनी, संस्था वा वायुयान निर्माताले टाइप प्रमाणपत्रको लागि प्राधिकरणमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्राधिकरणले आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा तोकिए बमोजिमको शुल्क लिई टाइप प्रमाणपत्र जारी गर्नेछ ।

## परिच्छेद-६

## उडान योग्यता (एयरवर्दिनेश)

२६. वायुयानको उडान योग्यताः (१) नेपालको हवाई क्षेत्रमा उडान गर्नका लागि वायुयानले प्राधिकरणबाट उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) प्राप्त गर्नु पर्नेछ ।

तर, परीक्षण उडान वा पोजिशन फ्लाइटको हकमा महानिर्देशकले तोकिए बमोजिम जारी गरेको पटके उडान अनुमति प्राप्त गरी उडान गर्न सकिनेछ।

(२) नेपालमा दर्ता गरिएको वायुयानको उडान योग्यताको प्रमाणपत्र प्राधिकरणले तोकिए बमोजिमको ढाँचामा जारी गर्नेछ।

(३) उडान योग्यताको प्रमाणपत्र प्राप्त नगरेको वा उडान योग्यताको प्रमाणपत्रको म्याद समाप्त भएको कुनै वायुयानले नेपालभित्र उडान गरेको पाइएमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो वायुयानलाई तत्काल नियन्त्रणमा लिई आवश्यक कारबाही गर्नु पर्नेछ।

२७. उडान गर्न रोक लगाउने वा उडान योग्यताको प्रमाणपत्र रोक, निलम्बन वा खारेज गर्नेः (१) यस ऐन बमोजिम जारी गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त वा आदेश उल्लङ्घन गरी वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिलाई दफा ४२ बमोजिम जरिवाना गरी बढीमा छ महिनासम्म हवाई सेवा सम्बन्धी व्यवसाय गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो वायुयान सञ्चालन गर्ने संस्था वा व्यक्तिले उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त पूरा नगरेमा वा आदेशको पालना नगरेमा निजको उडान योग्यताको प्रमाणपत्र बढीमा छ महिनासम्म निलम्बन वा खारेज गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम उडान गर्न रोक लगाउँदा वा उपदफा (२) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-७

## वायुयानको मर्मत तथा सम्भार

२८. मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्न नहुनेः वायुयानको उडान योग्यताको प्रमाणपत्रमा उल्लेख गरिए बमोजिम वायुयान, सोको इन्जिन तथा अन्य पार्टपूर्जाहरुको मर्मत,

मुकुन्द प्रसाद निरौला
सचिव

सम्भार सम्बन्धी अनुमति प्राप्त संस्थाबाट मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्नु हुँदैन।

२९. <u>वायुयानको परीक्षण गर्नुपर्ने:</u> वायुयान उडान गर्नुअघि प्राधिकरणको अधिकार प्राप्त प्राविधिकबाट वायुयानको सबै यन्त्र, उपकरण तथा सामान परीक्षण वा जाँच गराई उडानयोग्य भएको प्रमाणित गर्नु पर्नेछ।

## परिच्छेद-८

## <u>विमानस्थल दर्ता, संचालन प्रमाणपत्र तथा नविकरण</u>

३०. <u>विमानस्थल (एरोड्रम) दर्ता वा सञ्चालन प्रमाणपत्र लिनुपर्ने:</u> (१) नेपालमा विमानस्थल (एरोड्रम) सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट तोके बमोजिमको मापदण्ड र शर्त बमोजिम दर्ता वा संचालन प्रमाणपत्र (लिनुपर्नेछ ।

(२) प्राधिकरणले उड्डयन सुरक्षालाई सुदृढ गर्नका लागि विमानस्थल (एरोड्रम) निर्माण मर्मत तथा विस्तारका सम्बन्धमा मापदण्ड बनाई नियमन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राधिकरणबाट तोकिए बमोजिम नविकरण गर्नुपर्नेछ ।

३१. <u>प्रमाणपत्र निलम्बन वा रोक लगाउन वा खारेज गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त वा मापदण्ड उल्लङ्घन गरेमा रोक लगाउने तथा प्राधिकरणले त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणवाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त पूरा गरेमा त्यस्तो निलम्बन समाप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले उपदफा (२) बमोजिम शर्त पूरा नगरी निलम्बन समाप्त नभएमा निजको प्रमाणपत्र खारेज हुनेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संचालकलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

## परिच्छेद-९

## <u>एयर नेभिगेशन सेवा प्रदायक सम्बन्धी व्यवस्था</u>

३२. <u>एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र लिनुपर्ने:</u> (१) नेपालमा एयर नेभिगेशन सेवा प्रदान गर्नका लागि प्राधिकरणबाट तोकिएका मापदण्ड तथा शर्त बमोजिम एयर नेभिगेशन सेवा प्रदायक प्रमाणपत्र लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राधिकरणबाट तोके बमोजिम नविकरण गर्नुपर्नेछ ।

मुकुन्द प्रसाद निरौला
सचिव

३३. प्रमाणपत्र निलम्बन वा रोक लगाउन वा खारेज गर्न सक्ने : (१) यस ऐन बमोजिम प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त वा मापदण्ड उल्लङ्घन गरेमा रोक लगाउने तथा प्राधिकरणले त्यस्तो प्रमाणपत्र बढीमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले निलम्बन अविधिमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणवाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त पूरा गरेमा त्यस्तो निलम्बन समाप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन परेको संस्थाले उपदफा (२) बमोजिम शर्त पूरा नगरी निलम्बन समाप्त नभएमा निजको प्रमाणपत्र खारेज हुनेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन वा उपदफा (३) बमोजिम प्रमाणपत्र खारेज गर्नुअघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

## परिच्छेद-१०

## व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र

३४. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र : (१) यस ऐन बमोजिम व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र प्राप्त नगरी कसैले देहायको काम गर्न वा गराउन हुँदैनः-

(क) वायुयानको उडान सञ्चालन,

(ख) वायुयानको मर्मत, सम्भार,

(ग) फ्लाइट डिस्प्याचिङ,

(घ) एयर ट्राफिक कन्ट्रोल,

(ङ) सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार,

(च) नागरिक उड्डयनसँग सम्बन्धित महानिर्देशकले तोकेका अन्य कार्य।

(२) महानिर्देशकले तोकिए बमोजिमको ढाँचामा बढीमा पाँच वर्ष अवधि तोकी व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र जारी गर्नेछ।

(३) संगठनको सदस्य राष्ट्रद्वारा जारी गरिएका व्यक्तिगत इजाजतपत्र तोकिएको मापदण्ड र शर्त पालना हुनेगरी मान्यता प्रमाणपत्र प्रदान गर्न तथा त्यस्तो मान्यता प्रमाणपत्र प्राप्त व्यक्तिलाई दफा ४६ बमोजिमको कारवाही गर्न सक्नेछ।

(४) व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी योग्यता, स्वास्थ्य परिक्षण तथा जाँच, परीक्षा र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र रोक, निलम्बन वा खारेज गर्न सक्ने : (१) व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै



मुकुन्द प्रसाद पौडेल
सचिव

कामकारबाही गरेको पाइएमा महानिर्देशकले निजले प्राप्त गरेको इजाजतपत्र वा प्रमाणपत्र तत्कालका लागि रोक लगाउन वा बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निलम्बन अवधिसम्म त्यस्तो व्यक्तिले शर्त पूरा नगरेमा निजको इजाजतपत्र वा प्रमाणपत्र महानिर्देशकले खारेज गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा खारेज गर्नुअघि सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

## परिच्छेद-११

## सेवा शुल्क

३६. शुल्क लिन सक्ने : (१) प्राधिकरणले देहायका कार्य गर्दा तोकिए बमोजिम शुल्क लिनेछः-

(क) यस ऐन बमोजिम जारी गरिने अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता पत्र,

(ख) यस ऐन बमोजिम जारी हुने अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता पत्र नवीकरण,

(ग) वायुयान दर्ता तथा दर्ता खारेज,

(घ) अनुमतिपत्र, इजाजतपत्र, प्रमाणपत्र वा मान्यता पत्र जारी गर्न वा नवीकरण गर्न स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि गरिने परीक्षण वा निरीक्षण,

(ङ) सेवा प्रदायक संस्थाको कागजात, म्यानुअल, नक्सा, चार्ट आदि स्वीकृत वा प्रमाणीकरण,

(च) प्राधिकरणबाट प्रदान गरिने उडान सुरक्षा सेवा, हवाई सुरक्षा सेवा,

(छ) विमानस्थल, हेलिपोर्ट र हेलिप्याड दर्ता तथा नवीकरण,

(ज) समयमा शुल्क नबुझाएकोमा तोकिए बमोजिम लाग्ने विलम्ब शुल्क।

(२) उपदफा (१) बमोजिम शुल्क नबुझाउने संस्था वा व्यक्तिलाई प्राधिकरणले विमानस्थल, हेलिपोर्ट र हेलिप्याडको सेवा सुविधा प्रयोग गर्न रोक लगाई त्यस्तो शुल्क सरकारी बाँकी सरह असुल गर्न सक्नेछ।

## परिच्छेद-१२

## महानिर्देशक तथा कर्मचारी

३७. महानिर्देशकः (१) प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत पदमा कार्यरत वा प्राधिकरणको सेवामा कार्यरत वरिष्ठतम् अधिकृतलाई महानिर्देशकको पदमा नियुक्त गर्नेछ।

(२) महानिर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निज अर्को एक कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

(३) देहायको व्यक्ति महानिर्देशकको पदमा नियुक्तिको लागि अयोग्य हुनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, हातहतियार खरखजाना, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको,

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले महानिर्देशकको पदमा रही सेवा गर्न असमर्थ भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) आफू वा आफ्नो परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको।

(४) नेपाल सरकारले देहायको अवस्थामा महानिर्देशकलाई उपदफा (२) बमोजिमको पदावधि पूरा हुनु अगावै पदमुक्त गर्न सक्नेछः-

(क) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सम्पादन गर्नुपर्ने कामको कार्यान्वयन गर्न वा गराउन निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) प्राधिकरणको कामकारबाही इमान्दारीपूर्वक नगरेमा वा बदनियतपूर्वक गरेको देखिएमा,

(ग) आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ) उपदफा (३) बमोजिम अयोग्य भएमा,

(ङ) निजको कार्य सम्पादन सन्तोषजनक नभएमा,

(च) प्राधिकरणको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको प्रमाणित भएमा।

(५) उपदफा (४) बमोजिम महानिर्देशकलाई पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३८. <u>महानिर्देशकको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्राधिकरणको लागि आवश्यक पर्ने नियम, विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण र सुपरीवेक्षण गर्ने वा गराउने,



मुकुन्द प्रसाद निरौला
सचिव

(घ) प्राधिकरणको सम्पत्तिको रेखदेख, व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(ङ) वायुयानको हवाई क्षेत्र प्रवेश, प्रयोग, उडान, र अवतरणको अनुमति दिने,

(च) प्राधिकरणको आवधिक योजना, वार्षिक कार्यक्रम र आयव्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेश गर्ने,

(छ) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ज) सङ्गठनबाट जारी मापदण्ड तथा सिफारिस (स्टयाण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज) र सो बमोजिमका आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) वा आदेश जारी गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(झ) प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र, मान्यता वा अधिकारपत्र प्राप्त व्यक्ति वा संस्थाको उडान सुरक्षा सुपरीवेक्षण (सेफ्टी ओभरसाइट) र हवाई सुरक्षा सुपरीवेक्षण (सेक्युरिटि ओभरसाइट) गर्ने वा उक्त कार्यका लागि निरीक्षक नियुक्त गरी आवश्यक अधिकार प्रदान गर्ने,

(ञ) नेपालमा सञ्चालन हुने विदेशी वायुसेवाको उडान सुरक्षा र हवाई सुरक्षा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,

(ट) उडान सुरक्षा र हवाई सुरक्षामा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाको छानबिन गर्ने, सुरक्षाको लागि समितिमा सिफारिस गर्ने र तोकिए बमोजिम आवश्यक कारबाही गर्ने,

(ठ) उडान सुरक्षा र हवाई सुरक्षाका लागि पालना गर्नुपर्ने मापदण्ड तथा शर्तलाई कुनै कारणवश उड्डयन क्षेत्रले तत्काल पालना गर्न सक्ने अवस्था नरहेमा तोकिए बमोजिमको प्रकृया पूरा गरी मापदण्ड तथा शर्तमा छुट(एक्जेम्पसन र एक्सटेन्सन) दिने,

(ड) उडान सुरक्षा र हवाई सुरक्षाका लागि आवश्यक ठानेमा तोकिए बमोजिमको प्रकृया पूरा गरी आदेश जारी गर्ने,

(ढ) यस ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र वा मान्यता प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेशको उल्लङ्घन गरी हवाई सुरक्षा तथा उडान सुरक्षामा प्रतिक असर पार्ने कार्य गरेको पाइएमा त्यस्ता व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम प्राप्त कुनै वा सबै अधिकार प्रयोगमा रोक लगाउने,

मुकुन्द प्रसाद निरौला
सचिव

(ण) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन हवाई सुरक्षा तथा उडान सुरक्षाको दृष्टिले उपयुक्त रहे वा नरहेको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गर्ने वा गराउने,

(त) उडान सुरक्षाको उपयुक्त अधिकारी (एप्रोप्रिएट अथोरिटी) को रुपमा काम गर्ने,

(थ) नेपाल सरकारले अर्को ब्यवस्था नगरेसम्म हवाई सुरक्षाको उपयुक्त अधिकारी (एप्रोप्रिएट अथोरिटी) को रुपमा काम गर्ने,

(द) एस. एस. पि.(स्टेट सेफ्टी प्रोग्राम) को प्रमुख जिम्मेवार अधिकारीको रुपमा कार्य गर्ने,

(ध) मन्त्रालयसँगको समन्वयमा नागरिक उड्डयनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरुसँग समन्वय गर्ने र पारस्परिक सहयोग आदानप्रदानको व्यवस्था मिलाउने,

(न) नेपाल सरकार तथा अन्य निकायबीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(प) प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रूपबाट सञ्चालन गर्ने वा गराउने,

(फ) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन असुरक्षित तवरले भइरहेको वा हुन लागेको र सोबाट धनजनको क्षति पुग्न सक्ने पर्याप्त आधार देखिएमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालन रोक लगाई आवश्यक छानबिन गर्ने,

(ब) उडान तथा हवाई सुरक्षाको नियमन गर्नका लागि निरिक्षकको नियुक्ति गर्ने,

(भ) निरिक्षण सम्बन्धी कार्यमा संलग्न हुने निरिक्षक तथा अन्य प्राविधिक कर्मचारीहरुको तालिम योजना, एवं कार्यक्रम बनाई लागू गर्ने,

(भ) महानिर्देशकले निरीक्षकलाई नियमन, सुपरीवेक्षण र निरीक्षणका लागि आफूलाई प्राप्त अधिकार पूर्ण वा आशिंक रुपमा प्रत्यायोजन गर्न सक्ने,

(य) नेपाल सरकारले तोकेका निषेधित र प्रतिवन्धित वायुक्षेत्रको प्रकाशन र कार्यान्वयन गर्ने,

(र) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुयानहरुको आपतकालिन अवस्थामा आवश्यतानुसार आपतकालिन सेवा प्रवाहलाई प्रभावकारी बनाउने, र

(ल) समितिले तोकेका अन्य कार्य गर्ने।

३९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>ः (१) प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

४०. <u>योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्ने</u>: (१) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्रणाली बमोजिम कर्मचारीले गर्नु पर्ने योगदान तथा प्राधिकरणले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>विज्ञ नियुक्त गर्न सक्ने</u>: प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक परेमा स्वदेशी वा विदेशी विज्ञलाई सेवा करारमा नियुक्त गर्न सक्नेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "विज्ञ" भन्नाले नागरिक उड्डयनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशेषज्ञता हासिल गरेको व्यक्ति सम्झनु पर्छ।

४२. <u>कर्मचारी समायोजन सम्बन्धी व्यवस्था</u>: (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारी प्राधिकरणमा रहन चाहेमा त्यस्ता कर्मचारीले सो प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिले साठी दिनभित्र प्राधिकरण मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पेश गरेका कर्मचारीको योग्यता, कार्यअनुभव र कार्यप्रकृतिका आधारमा मन्त्रालयले मापदण्ड बनाई प्राधिकरणको स्वीकृत दरबन्दीमा समायोजन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समायोजन भएका कर्मचारीको अवकाश पश्चातको सुविधाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(४) उपदफा (२) बमोजिम प्राधिकरणमा समायोजन भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजले पाइरहेको पारिश्रमिक सेवाका शर्त नघट्ने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन्।

(५) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम समायोजन भएका बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजहरुले निवृत्तभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न सक्नेछन्।

(६) प्राधिकरणको स्वीकृत दरवन्दीमा प्राविधिक जनशक्ति अभाव भएमा मन्त्रालयको स्वीकृतिमा निजामती सेवा वा नेपाल हवाई सेवा प्राधिकरणका कर्मचारीलाई निश्चित समय तोकी प्राधिकरणले काजमा खटाउन सक्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

परिच्छेद-१३

निरीक्षक सम्वन्धी व्यवस्था

४३. निरीक्षक सम्वन्धी व्यवस्था : (१) हवाई तथा उडान सुरक्षा सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, आवश्यक शर्त ( रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन ( म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेश, मापदण्डको परिपालना भए नभएको निरीक्षण गर्न, प्रमाणिकरण गर्न, नियमन गर्न, निगरानी र मुल्याङ्कन गर्न तथा मान्यता दिन, महानिर्देशकले निरीक्षक नियुक्त गर्नेछ ।

(२) महानिर्देशकले उपदफा (१) बमोजिमको निरीक्षक नियुक्त गर्दा निरीक्षकको योग्यता, क्षमता, तालीम र अनुभवलाई आधार बनाई मापदण्ड बमोजिम नियुक्त गर्नु पर्नेछ ।

(३) निरीक्षकको पदावधि, पुनःनियुक्ति, तालिम तथा अन्य सेवा र शर्तहरु तोकिए बमोजिम हुनेछ।

(४) महानिर्देशकले निरीक्षक नियुक्त गर्दा कार्यक्षेत्र, अधिकार र जिम्मेवारी तोक्नु पर्ने छ ।

(५) निरीक्षकलाई महानिर्देशकले तोकिदिएको अधिकार र जिम्मेवारी पालनाका क्रममा आकस्मिक वा नियमित निरीक्षण, परीक्षण, जाँच तथा सुपरीवेक्षण सम्वन्धी कार्यको लागि विमानस्थल, वायुयान, कार्गो क्षेत्र, वायुयान मर्मत सम्भार गर्ने संस्था तथा क्षेत्र, प्रशिक्षण संस्था तथा सुविधा र सो संग सम्वन्धित व्यक्ति तथा संस्था तथा सो संस्थाको परिसर र कागजात, उपकरण, यन्त्रमा निर्वाध प्रवेश दिनु पर्नेछ ।

(६) निरीक्षकले निरीक्षणका क्रममा गम्भिर उड्डयन सुरक्षा जोखिम, दुघर्टना सम्भावना वा नियम उलङ्घन भएको देखेमा वायुयान संचालनमा रोक लगाउन, उडान निलम्वन गर्न, विमानस्थल वा त्यसको कुनै क्षेत्र बन्द गर्न, तत्काल सुधारको आदेश जारी गर्न वा सुरक्षा स्तरको वृद्धिको सिफारिस गर्न, व्यक्ति वा संस्थाको प्रमाण पत्र पूर्ण वा आंशिकरुपमा निलम्वन गर्न सक्ने छ र निरीक्षकले निरीक्षणको क्रममा यस ऐन बमोजिम गरेको कारवाहीको जानकारी तत्काल छिटो साधनबाट र कार्यालयमा हाजिर भए पश्चात पूर्ण लिखित विवरण सहित महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(७) निरीक्षकले हवाई सुरक्षा तथा उडान सुरक्षामा विद्यमान तथा सम्भावित जोखिम पहिचान गरी सुधारात्मक सुझाव वा निर्देशन दिनुपर्नेछ। निरीक्षकले हवाई सुरक्षा तथा उडान सुरक्षा व्यवस्थाको नियमित मुल्यांकन गरी महानिर्देशकलाई जानकारी गराउनु पर्नेछ ।

(९) निरीक्षकले महानिर्देशकको अग्रिम स्वीकृति लिई आवश्यकता अनुसार हवाई सुरक्षा तथा उडान सुरक्षाको सुनिश्चिततको निक्यौल गर्न गोप्य परिक्षण (कोभर्ट टेस्ट) गर्न सक्ने छ । यो सम्वन्धी अन्य प्रकृया तोके बमोजिम हुनेछ ।

(१०) निरीक्षकले निरीक्षण वा छानविनका क्रममा देखिएका कमी कमजोरीहरुको स्तर अनुसार मौखिक वा लिखित चेतावनी जारी गर्ने, सुधारात्मक योजना माग गर्ने, जरिवाना सिफारिस



मुकुन्द प्रसाद निरौला
सचिव

गर्ने, प्रमाण पत्र वा अनुमति वा लाइसेन्स आंशिक वा पूर्ण निलम्वन वा खारेज गर्न र अन्य प्रचलित कानुन बमोजिम कारबाहीको सिफारिस महानिर्देशक समक्ष गर्न पर्नेछ ।

(११) निरीक्षकले आफ्नो कार्य सम्पादनको क्रममा प्राप्त सुचना, जानकारी, तथ्यांक, योजना अनधिकृत रुपमा प्रयोग वा सार्वजनिक गर्न पाउने छैन ।

(१२) निरीक्षक र निरीक्षण कार्यको लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका तथा मापदण्ड महानिर्देशकले बनाई लागू गर्नेछ ।

## परिच्छेद-१४

## कोष तथा लेखा परीक्षण

४४. प्राधिकरणको कोष: (१) प्राधिकरणको आफ्नो एउटा कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) दफा ३६ बमोजिमको शुल्कबापत प्राप्त रकम,

(ख) प्राधिकरणको स्वामित्वमा रहेको भवन, जग्गा, जमिन वा अन्य चल अचल सम्पत्तिको उपयोग गरेबापत प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था, व्यक्तिबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(ङ) प्राधिकरणको कोषमा रहेको रकम लगानी गरेबापत प्राप्त रकम,

(च) दफा ४७ बमोजिम जरिवाना बापत प्राप्त रकम,

(छ) नेपाल सरकारबाट प्राप्त रकम,

(ज) यात्रुसेवा शुल्कमध्येबाट नेपाल सरकारको निर्णय अनुसार अनुपातको आधारमा उपलब्ध हुने रकम,

(झ) प्राधिकरणबाट आर्जित अन्य आय।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट ऋण वा अनुदान बापत रकम प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिनेछ।

(५) कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

४५. लेखा र लेखापरीक्षण: (१) प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) प्राधिकरणले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।



मुकुन्द प्रसाद निरौला
सचिव

(३) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्ये सञ्चालक समितिबाट नियुक्त लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-१५

## कसूर तथा सजाय

४६. कसूरः कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दर्ता नभएको वायुयान नेपालमा उडान वा सञ्चालन गरेमा,

(ख) दर्ता गर्ने राष्ट्रबाट स्वीकृत राष्ट्रियता तथा दर्ता सङ्केतभन्दा फरक सङ्केत प्रयोग गरी नेपालमा वायुयान उडान वा सञ्चालन गरेमा,

(ग) अनधिकृत व्यक्तिले वायुयान उडान गरेमा,

(घ) प्रचलित कानून बमोजिम बीमा नगरी वायुयान उडान गरेमा,

(ङ) वायुयान, यात्रु, जमिनमा रहेको व्यक्ति वा सम्पत्तिको सुरक्षामा गम्भीर असर पुग्न सक्ने गरी वायुयान उडाएमा,

(च) कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई अवरोध वा खतरा पुग्ने कुनै किसिमको कार्य गरेमा।

(छ) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमतिपत्र नलिई वा त्यस्तो प्रमाणपत्र वा अनुमतिपत्रमा तोकिएको शर्त विपरीत हुने गरी वायुयान उडान वा सञ्चालन गरेमा,

(ज) प्राधिकरणले जारी गरेको वा मान्यता प्रदान गरेको इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र आवश्यक पर्ने कुनै कामकारबाही त्यस्तो इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र नलिई वा मान्यता प्राप्त नगरी गरेमा,

(झ) झुठ्ठा इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रको आधारमा सेवा सञ्चालन गरेमा,

(ञ) प्राधिकरणले तोकिको शर्त पालना नगरेमा वा शर्त विपरीत एयर नेभिगेशन सेवाको सञ्चालनसँग सम्बन्धित कार्य गरेमा,

(ट) प्रमाणपत्र बिना एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,

(ठ) प्राधिकरणको स्वीकृति नलिई वा निर्धारित सुरक्षा मापदण्ड तथा प्रक्रिया अवलम्वन नगरी खतराजनक वस्तु वायुयानबाट ओसारपसार गरेमा,

(ड) प्राधिकरणले निर्धारण गरे बमोजिमको मर्मत सम्भार नगरी वायुयान सञ्चालन गरेमा।

(ढ) एयर नेभिगेशन सेवामा बाधा अवरोध हुने गरी कुनै यन्त्र, उपकरण वा सञ्चार उपकरण सञ्चालन गरेमा,

(ण) स्वीकृत हवाई भाडा दरभन्दा बढी हवाई भाडा दर लिई उडान सञ्चालन गरेमा,



मुकुन्द प्रसाद निरौला
सचिव

(त) प्राधिकरणले तोके बमोजिमका कागजात नराखी वायुयान उडान गरेमा,

(थ) कार्य समयको सीमा तोकिएकोमा सोको उल्लङ्घन हुने गरी वायुयान सञ्चालन गरेमा,

(द) प्राधिकरणले तोके बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,

(ध) प्राधिकरणले माग गरेको जानकारी वा सूचना उपलब्ध नगराएमा,

(न) उड्डयन सम्बन्धी घटना वा दुर्घटनालाई सुपरीवेक्षण वा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा वा अवरोध गर्ने वा अनुचित प्रभाव पार्ने कार्य गरेमा,

(प) अनुमति नलिई उडान तथा अवतरण गरेमा,

(फ) महानिर्देशक वा निजले तोकेको निरीक्षक वा पदाधिकारीलाई निजको कार्य सम्पादन गर्न अवरोध गरेमा।

(ब) यो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका, कार्यविधि वा मापदण्ड पालना नगरेमा।

४७. सजायः (१) कसैले दफा ४६ बमोजिमको कसूर गरेमा निजलाई महानिर्देशकले देहाय बमोजिमको जरिवाना गर्नेछः-

(क) खण्ड (क) देखि (च) सम्मको कसूरमा पाँच लाख देखि पन्ध्र लाख रुपैयाँ सम्म,

(ख) खण्ड (छ) देखि (ड) सम्मको कसूरमा पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म,

(ग) खण्ड (ढ) देखि खण्ड (ब) सम्मको कसूर गरेमा एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म,

(घ) दफा ४६ बमोजिमको कसूरमा सजाय पाईसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(२) यस दफा बमोजिम महानिर्देशकले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

४८. नेपाल सरकार वादी हुनेः दफा ४६ अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ।

## परिच्छेद-१६

## विविध

४९. ऐन लागू नहुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू हुने छैन।

मुकुन्द प्रसाद निरौला
सचिव

५०. बीमा गर्नुपर्ने: कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडाउनु अघि प्रचलित कानून बमोजिम वा प्राधिकरणले निर्धारण गरे बमोजिमको बीमा गर्नु पर्नेछ।

५१. अन्य संस्थामा आवद्ध हुन नहुने : प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक र कर्मचारी प्राधिकरणको सेवाबाट जुनसुकै कारणले अलग भएको मितिदेखि दुई वर्षसम्म प्राधिकरणले नियमन गर्ने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवद्ध हुन पाउने छैन।

५२. वार्षिक प्रतिवेदन : प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालयमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

५३. नेपाल सरकारसँग सम्पर्क: प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

५४. असूल गर्न सकिने: (१) प्राधिकरणलाई बुझाउनु पर्ने दफा ३१ बमोजिमको शुल्क तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम थप शुल्क असूल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्क नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले त्यस्तो शुल्क सरकारी बाँकी सरह असूल गर्न सक्नेछ।

५५. भाग लिन वा हिस्सेदार हुन नपाउने : प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भाग लिन वा हिस्सेदार हुन पाउने छैन।

५६. शपथ: समितिको मनोनित सदस्यले पदमा बहाल गर्नुअघि अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

५७. अधिकार प्रत्यायोजन: (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको सदस्य, महानिर्देशक वा प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये न्यायिक अधिकार बाहेकका अधिकार प्राधिकरण अन्तर्गतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५८. निर्देशन दिन सक्ने: मन्त्रालयले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

५९. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने: कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित कानून बमोजिमसमेत कसूर हुने भएमा त्यस्तो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन।

६०. सम्पत्ति तथा दायित्व सर्ने: यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका घर, जग्गा र सम्पत्तिमध्ये प्राधिकरणलाई आवश्यक पर्ने भनी नेपाल सरकारले तोकिदिएको चल तथा अचल सम्पत्ति प्राधिकरणमा सर्नेछ।



मुकुन्द प्रसाद निरौला
सचिव

६१. <u>नियम बनाउने अधिकारः</u> (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरु बनाउन सकिनेछः-

(क) कर्मचारी प्रशासन सम्बन्धी नियमावली,

(ख) आर्थिक प्रशासन सम्बन्धी नियमावली,

(ग) यस ऐन बमोजिम जारी गरिने दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यता र त्यस्तो दर्ता प्रमाणपत्र, इजाजतपत्र, अनुमतिपत्र वा मान्यताको नवीकरण, निलम्बन, रोक वा खारेज,

(घ) वायुयानको दर्ता वा वायुयान सञ्चालन प्रमाणपत्रको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा राष्ट्रिय चिन्ह,

(ङ) राष्ट्रिय उडान सुरक्षा कार्यक्रम तथा उडान सुरक्षा व्यवस्थापन,

(च) राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम तथा हवाई सुरक्षा व्यवस्थापन,

(छ) एयर नेभिगेशन सेवा,

(ज) विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापन,

(झ) विमानस्थलको दर्ता, प्रमाणपत्र तथा नियमन,

(ञ) वायुयानको मर्मत, सम्भार तथा परीक्षण,

(ट) खतराजन्य वस्तु सम्बन्धी ओसारपसार, वातावरण प्रदुषण नियन्त्रण, सरुवा रोग तथा महामारी,

(ठ) मानवरहित उडान प्रणाली,

(ड) अध्यक्ष तथा सदस्यको सेवाका शर्त र सुविधा,

(ढ) समिति तथा प्राधिकरणको काम, कर्तव्य र अधिकार,

(ण) प्राधिकरणबाट प्रदान गरिने सेवाको शुल्क,

(त) कोषको सञ्चालन,

(थ) निरीक्षकको नियुक्ति,

(द) महानिर्देशकको सुविधा तथा सेवाको शर्त,

(ध) आपसी समझदारीमा हुने नियमन,

(न) संगठनले जारी गरेका एनेक्सहरुको परिपालना गर्न आवश्यक नियमहरु,

(प) सेवा प्रदायकहरुको अनुमति, प्रमाणपत्र, नविकरण, शुल्क, तथा नियमनका लागि आवश्यक नियमहरु,

(फ) वायुसेवा संस्थाहरुको नियमन प्रयोजनका लागि घटना तथा दुर्घटनाहरुको जाँच,



मुकुन्द प्रसाद निरौला
सचिव

(ब) ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषय।

६२. <u>विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्राधिकरणले आवश्यकतानुसार विनियमहरु बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने गरी बनाउनु हुँदैन।

(४) उपदफा (१) र (२) बमोजिमको विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ।

६३. <u>असल नियतले गरेको कामको बचाउ</u> : (१) यो ऐनको उद्देश्य पूर्तिको लागि असल नियतले गरेको कुनै कामको निमित्त कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति उपर कुनै कानूनी कारवाही गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले बदनियतपूर्वक वा गम्भीर लापरवाही वा हेलचेक्र्याईं गरी गरेको कुनै कामले परिषद्को सम्पति क्षति भएमा वा परिषद्लाई कुनै किसिमले हानी नोक्सानी भएमा त्यस्तो काम गर्ने कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति वैयक्तिक रुपमा जिम्मेवार हुनेछ र त्यस्तो क्षति वा हानी नोक्सानीका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६४. <u>ऐन कार्यान्वयन मापनः</u> यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच बर्षपछिको एक बर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ। सोको प्रतिवेदन सङ्घीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

६५. <u>खारेजी र बचाउः</u> (१) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ खारेज गरिएको छ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम नियमनसँग सम्बन्धित विषयमा भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

अनुसूची

(दफा ५० सँग सम्बन्धित)

शपथ

म .......... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वरको नाममा शपथ लिन्छु कि नेपाल नागरिक उड्डयन प्राधिकरणको सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी, अनुशासनमा रही नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०८१ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

शपथ ग्रहण गर्नेको,-

नामः

दस्तखतः

मितिः

पदः

शपथ ग्रहण गरेको प्रमाणित गर्नेको,-

नामः

दस्तखतः

मितिः

पदः

कार्यालयः

मुकुन्द प्रसाद निरौला

सचिव